# इटहरी उपमहानगरपालिकाको विनियोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

## इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## इटहरी, सुनसरी
## २०७९

# इटहरी उपमहानगरपालिकाको विनियोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

**इटहरी उपमहानगरपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको बिधेयक,**

सभाबाट स्वीकृत मिति २०७९/०३/२५

**प्रस्तावना :**

इटहरी उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/७९ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यन्वयन गर्न विनियोजित रकम नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा आवस्यक व्यवस्था गर्न बाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम इटहरी उपमहानगरपालिकाको एघारौ नगर सभामा स्विकृतिको लागि यो विनियोजन विधेयक २०७९ प्रस्तुत गरिएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) "यस विधेयकको नाम इटहरी उपमहानगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो विधेयक नगरसभावाट स्विकृत भएपछि २०७९ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आर्थिक वर्ष" भन्नाले २०७९ साल श्रावण १ गते देखि २०८० आषाढ मसान्तसम्मको अवधिलाई सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले इटहरी उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(ग) "विनियोजन" भन्नाले नगरसभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न छुट्याईएको रकम सम्झनुपर्छ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनुपर्छ ।

(ङ) "सञ्चित कोष" भन्नाले इटहरी उपमहानगरपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

(च) “सभा” भन्नाले इटहरी उपमहानगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(छ) “कार्यपालिका” भन्नाले इटहरी उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

३. **आर्थिक बर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार र सिमा :** आर्थिक वर्ष २०७९/८० को लागि उपमहानगरपालिकाको कार्यालय, विषयगत महाशाखा/शाखा तथा वडा समितिले नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रम कार्यन्वयन गर्न अनुसूची-१ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय ब्यवस्थाको अन्तरगत विभिन्न शिर्षकमा विनियोति रकम रु.२,१८,०६,१०,०००। (दुई अर्ब अठार करोड छ लाख दश हजार) मात्र निर्दिष्ट गरिए सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । आ.व. २०७९/८० मा संघिय सरकार तथा प्रदेश सरकारबाट कुनै योजना तथा कार्यक्रम, विशेष बजेटबाट प्राप्त भएमा यो ऐन बमोजिम खर्च गर्न सकिनेछ । आकस्मिक तथा विशेष आवस्थामा विशेष वा विपदको अवस्थामा विशेष वा पुरक वजेट ल्याई खर्च गरिनेछ ।

४. **विनियोजित शिर्षक संसोधन र रकमान्तर सम्वन्धि व्यवस्था :** (१) यस ऐनद्वारा चालु, पुंजिगत तथा वित्तिय व्यवस्था अन्तरगत विभिन्न शिर्षकमा विनियोजित रकम तत्तत् शिर्षकमा तदनुरुप खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम विनियोजित रकम करणवस कुनै शिर्षकमा खर्च नहुने अवस्थामा सो शिर्षकमा विनियाजित वजेट अर्को शिर्षकमा थप गर्न वा कुनै नंया शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नु परेमा संसोधनको प्रक्रियावाट र कुनै वजेट शिर्षकमा वढी वा घटी भई रकमान्तर गरी खर्च गर्नु परेमा रकमान्तर गरी खर्च गर्न सकिनेछ । यसरी वजेट शिर्षक नै संशोधन गरी खर्च गर्नु परेमा वा रकमान्तरको लागि तोकिएको वजेट सिमा भन्दा वढी वजेट थपघट गरी खर्च गर्नु परेमा नगरसभावाट र कुनै शिर्षकमा घटी वढी भै रकमान्तर गर्नु परेमा सम्वन्धित शिर्षकमा विनियोजित रकमको २५ प्रतिशतमा नबढ्ने गरी नगर कार्यपालिकाको निर्णयवाट रकमान्तर गरी खर्च गर्न सकिनेछ । संसोधनको पक्रियाबाट विनियोजित रकम खर्च गर्नु गरेमा त्यस्तो निर्णय फाल्गुन मसान्त भित्र गरिसक्नु पर्नेछ ।

तर पूँजिगत खर्च शिर्षकमा विनियोजित रकम र वित्तीय ब्यवस्थातर्फ विनियोजित रकम साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शिर्षकमा रकमान्तर गरी खर्च गर्न पाईने छैन।

(३) समपुरक तर्फ विनियोजित रकम संघ र प्रदेश सरकारबाट प्रस्ताव गरिए अनुरुप समपुरक अनुदान प्राप्त हुन नआएमा नगरसभाले स्वीकृत गरेका कार्यक्रममा रकम विाियोजन गरी खर्च गर्न सकिनेछ ।

(४) उपदफा (१) वमोजिम विभिन्न शिर्षकमा विनियोजित रकम खर्च गर्दा सर्वाजनिक खरिद ऐन नियम तथा अन्य प्रचलित कानुनले तोकेको प्रक्रिया पुरागरी उपभोक्ता समिति वा ठेक्का पक्रियावाट गरिने सम्झौता र कार्यदेश वैसाख मसान्तभित्र सम्पन्न गरी कार्यान्वयन गरिनेछ ।

५. **<u>विनियोजित वजेट शिर्षकको दायित्व सर्नसक्ने व्यवस्था</u> :-** आर्थिक वर्ष २०७९/२०८० का लागि नगरसभावाट स्वीकृत कुनै आयोजना तथा कार्यक्रम कुनै कारणले सम्पन्न हुन नसकेमा त्यस्ता आयोजना तथा कार्यक्रमहरु आगामी अर्थिक वर्षका लागि अधुरा आयोजना वा कार्यक्रमको रुपमा सम्पन्न गर्न वाँकी रहेको विनियोजित रकम सहित दायित्व सार्न सकिनेछ ।

६. **<u>कार्यविधि बनाई लागु गर्न सक्ने</u> :-** यस ऐनको प्रभावकारी कार्यन्वयनका लागि आवश्यकता अनुसार नगर कार्यपालिकाबाट कार्यविधि वा निर्देशिका स्वीकृत गरी कार्यन्वयन गर्न सकिनेछ ।

७. **<u>खारेजी र बचाउ</u> :-** (१) यो ऐन नगरसभावाट स्विकृत भई लागु भएपछि विनियोजन ऐन, २०७८ खारेज हुनेछ ।

(२) विनियोजन ऐन, २०७८ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।